का.जि.प्र.का.द.नं. १००/०५९/६०

१९ मंसिर २०७९,
सोमबार
5 December 2022,
Monday

मूल्य रु. ५/-

# मध्यान्ह
राष्ट्रिय दैनिक

ईपेपर हेर्न

वर्ष २०, अंक २८९ । पृष्ठ १२ | Madhyanha National Daily | www.madhyanhadaily.com

# सबथोक सत्ता !

चुनावबाट उदाएका र जनताले अगाडि बढाउन चाहेका दलहरुलाई साथमा लिएर पहिलो वा दोस्रो ठूलो दलले सरकार बनाउनुलाई प्राकृतिक रुपमा लिन सकिन्छ । तर, यसो नगर्न दलहरु सक्रिय देखिन्छन् ।



**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, १८ मंसिर ।

नयाँ सरकार गठनको कसरत भइरहँदा जनता समाजवादी पार्टी (जसपा)ले अकस्मात् रुपमा नेकपा एमालेसँगको चुनावी तालमेल सकिएको घोषणा गरेको छ । चुनावको मुखैमा सत्ता गठबन्धन तोडेर एमालेसँग तालमेल गर्न गएको जसपाले एमालेले सरकार बनाउने सम्भावना कम देखेपछि सहकार्य नै तोडिएको घोषणा गरेको हो ।

अर्थात, चुनावी परिणाम पूर्णत नआउँदै जसपाले एमालेसँगको तालमेल सकिएको भनी सत्तागठबन्धनसँग नजिकिने चाहना प्रकट गरेको छ । आइतबार विराटनगर विमानस्थलमा पत्रकारसँग कुरा गर्दै जसपा अध्यक्ष उपेन्द्र यादवले एमालेसँगको चुनावी सहकार्य सकिएको बताएका हुन् । 'हामीले चुनावमा एमालेसँग केही क्षेत्रमा तालमेल गरेका थियौं, चुनावसँगै सहकार्यको कोर्स सकिएको छ' अध्यक्ष यादवले भने ।

तर, अध्यक्ष यादवले सरकार गठनमा कसलाई समर्थन गर्ने वा नगर्ने विषयमा निर्णयमा पुगि नसकेको बताए । पार्टीले सरकारमा

– बाँकी पृष्ठ २ मा

> चुनावमा एमालेसँग तालमेल गरेका थियौं । चुनावसँगै सहकार्यको कोर्स सकिएको छ ।
> ■ *उपेन्द्र यादव, अध्यक्ष, जसपा*


## ट्राफिक नियमको पालना गरौं ।

- बाटो काट्दा जेब्रा क्रसिंगको प्रयोग गरौं,
- सडक बत्ति हेरेर मात्र बाटो काटौं,
- सडक तथा सडक किनारामा जथाभावी सवारी साधन पार्किङ्ग नगरौं,
- तोकिएको स्थानमा मात्र सवारी साधन पार्किङ्ग गरौं,
- पैदलयात्रीले फुटपाथ तथा आकासे पुलको प्रयोग गरौं ।

*सडक दुर्घटनाबाट आफू पनि बचौं, अरुलाई पनि बचाऔं ।*

नेपाल सरकार
विज्ञापन बोर्ड


लुम्बिनी प्रदेश राजधानी

# विवाद बल्झाउने प्रयास

**शिवराज परियार/मध्यान्ह**
काठमाडौं, १८ मंसिर ।

लुम्बिनी प्रदेश सरकारले यही मंसिरभित्रै राजधानीमा मुकाम सार्ने तयारीका साथ स्थायी राजधानी राप्ती उपत्यका देउखुरीलाई दुलही झैं सिंगार्दैछ । तर, नेकपा एमाले र कांग्रेस रुपन्देहीले लुम्बिनी प्रदेशको राजधानी बुटवलबाट तत्काल दाङ नसार्न आग्रह गरेको छ ।

आइतबार एक विज्ञप्ति जारी गर्दै एमालेका रुपन्देही अध्यक्ष तेजेन्द्र केसीले राजधानी सार्ने काम तत्काल रोकेर नयाँ बन्ने सरकारले मात्र सार्नुपर्ने उल्लेख गरेका छन् ।

भौतिक निर्माणको काम नसकिँदै मन्त्रालयहरु सार्ने तयारी भएको भन्दै त्यसो नगर्न केसीले आग्रह गरेका छन् ।

नेपाली कांग्रेस रुपन्देहीले पनि आइतबारै विज्ञप्ति निकाले राजधानी नसार्न आग्रह गरेको छ । नयाँ सरकार नबन्दै वर्तमान कामचलाउ सरकारले जसरी पनि प्रदेश राजधानी सार्ने तयारी गरिरहेको भन्दै कांग्रेसले ध्यानाकर्षण गराएको हो । कांग्रेसले राजधानी सार्ने जिम्मा नयाँ संरचनाहरु निर्माण भएपछि नयाँ बन्ने सरकारलाई दिनुपर्ने माग गरेको छ ।

प्रदेश सभाबाट दाङ्गको देखुरी उपत्यका र अर्घाखाँचीको सितगंगा नगरपालिकाको राप्ती किनारको सेरोफेरोमा लैजाने निर्णय भएको भए पनि त्यहाँ भौतिक संरचना निमार्ण भइनसकेको अवस्थामा राजधानी सार्न हतार गरिएको भन्दै कांग्रेस रुपन्देहीले हतार नगर्न आग्रह गरेको हो ।

कांग्रेस रुपन्देहीका सभापति रामकृष्ण खाँणले विज्ञप्ति जारी गर्दै प्रदेश सभाको नियमित काम गर्न समेत संरचना निर्माण नभएको अवस्थामा हतारमा राजधानी सार्दा दैनिक कामकाजमा पर्न सक्ने असरतर्फ पनि प्रदेश सरकार सचेत हुनुपर्ने उल्लेख गरेका छन् ।

तर, यसलाई प्रदेश राजधानी नसार्ने प्रयासका रुपमा कतिपयले लिएका छन् । चुनावमा रूपन्देहीका प्रदेश सभा र प्रतिनिधिसभा सदस्यका उम्मेदवारहरुले प्रदेश राजधानी बुटवल नै कायम गराउने भनी भोट मागेका थिए । तर, २० असोज २०७७ मा लुम्बिनी प्रदेश सभाले स्थायी राजधानी दाङको देउखुरी क्षेत्रको भालुवाङ बजार र नाम 'लुम्बिनी' राख्ने निर्णय लिएको थियो । निर्णय भए पनि राजधानी वुटवल नै कायम गर्ने नेताहरुको बचन र सार्ने प्रयास हुँदा नयाँ सभाले सार्छ भन्ने दलहरुको विज्ञप्तीलाई कतिपयले आशंकाले

– बाँकी पृष्ठ २ मा

# एकीकृत समाजवादीमा दुई धार

**कान्ति न्यौपाने/मध्यान्ह**
काठमाडौं, १८ मंसिर ।

नेकपा एमालेबाट विभाजन भएर गठन भएको नेकपा एकीकृत समाजवादीभित्र माओवादी केन्द्रसँग एकता गर्ने वा नगर्ने भन्ने विषयमा विवाद चुलिन थालेको छ ।

अध्यक्ष माधव नेपाल एकताका लागि सकारात्मक देखिए पनि नेताहरु मुकुन्द न्यौपाने, महासचिव बेदुराम भुसाल र झलनाथ खनाल निकट नेताहरु एकताको विपक्षमा देखिन थालेका हुन् । कतिपय नेताहरु त एमालेसँग वार्ता गरेर पार्टी एक गर्नुपर्नेमा समेत जोड दिन थालेका छन् । उपमहासचिव जगन्नाथ खतिवडा तथा सचिव रामकुमारी झाँक्री लगायतका केही नेताहरु सकभर चाँडो पार्टी एकता गरेर अघि बढ्नुपर्ने पक्षमा देखिएका छन् । अझ दुईपार्टीबीच तत्कालै एकता हुनेखालका समाचार बाहिरिन थालेपछि महासचिव भुसालले विज्ञप्ती नै जारी गरेर भ्रामक प्रचारको पछि नलाग्न अपिल समेत गरेका थिए ।

'नेपाली कम्युनिस्ट आन्दोलनलाई



एकतावद्ध बनाउनुपर्ने आवश्यकता छ भन्नेमा हामी प्रस्ट छौं तर अहिले त्यससम्बन्धमा निर्णय त के कुनै छलफल, वार्ता वा सम्वाद केही पनि भएको छैन, हुँदै नभएको प्रचार गराएर भ्रम सिर्जना गर्न खोजिएकोले त्यस्तो भ्रममा नपर्न सबैमा अनुरोध छ' नेता भुसालले जारी गरेको विज्ञप्तीमा भनिएको थियो । उनले दुई पार्टीबीच एकताका लागि वार्ता समिति गठन गर्ने तयारी भएपनि हालसम्म छलफल समेत अघि नबढेको प्रष्ट बनाएका छन् ।

नेता खनाल निकट एक नेताले पनि चुनावी परिणाम राम्रो नआउँदै पार्टी एकता गरिहाल्नु नहुने बताएका छन् । 'पार्टीको विचार र सिद्धान्त स्पस्ट हुनुपर्छ त्यसमा विवाद छैन तर कसैले निर्वाचन हारेको झोंकमा पार्टी एकता वा अर्को गठबन्धन पनि भने होलान् तर त्यो क्षणिक आक्रोशबाहेक केही होइन' उनले भने । साथै उनले नेता खनाल एमालेमा जाने भन्दापनि यहीँ पार्टी बलियो बनाएर लैजाने पक्षमा रहेको प्रष्ट पारेका छन् ।

अर्का नेता मुकुन्द न्यौपाने माओवादीसँग एकता गरेर विद्रोह पुष्टि नहुने भन्दै एमालेमै जानुपर्ने सुझाव दिन्छन् । अझ उनले वाम सरकार निर्माण गरेर अघि जानुपर्ने कुरामा जोड दिदैं आएका छन् । एकातिर पार्टीलाई राष्ट्रिय पार्टी बन्न सकस परिरहेको छ भने अर्कातिर नेताहरुबीच मतान्तर बढ्दै जाँदा थप संकट देखापर्ने देखिएको छ । तरपनि, अधिकांश नेताहरु पार्टी एकताकै पक्षमा देखिएका छन् ।

वैदेशिक रोजगार विशेष

# मलेसियामा दुई नेपाली सेक्युरिटी गार्डको हत्या

**मध्यान्ह संवाददाता**
क्वालालम्पुर, १८ मंसिर

मलेसियाको सेरेम्बानमा रहेको एक रेष्टुरेन्टमा दुई नेपाली सुरक्षगार्डको हत्या भएको छ । डिसेम्बर ३ तारिख अर्थात शनिबार दिउँसो मलेसियाको राजधानी क्लालालम्पुरबाट करिब ६५ किलोमिटर दक्षिणमा पर्ने सेरेम्बानमा रहेको एक रेष्टुरेन्ट परिसरमा हथौडाले हानेर उनीहरुको हत्या गरिएको अवस्थामा भेटिएको स्थानीय प्रहरीलाई उद्धृत गर्दै मलेसियाको सरकारी सञ्चारमाध्यम बेर्नामाले उल्लेख गरेको छ ।

मृतक सुरक्षागार्डहरुको अनुहारमा धेरै वटा चोट लागेको बताइएको छ । रगत जमेका कारण अनुहारमा लागेका चोट कालो भएको प्रहरीले बताएको छ । सेरेम्बान प्रहरीका सहायक कमाण्डर नन्द मारोफले घटनाका बारेमा स्थानीय बासिन्दाबाट शनिबार साँझ पौने सात बजेतिर सूचना पाए लगत्तै घटनास्थलमा पुग्दा दुई जना मृत र एक जना जीवित गरी तीन जना नेपाली फेला परेको बताएका छन् ।

मृतकहरुको नाम र नेपालमा उनीहरुको ठेगाना खुलाइएको छैन । तर उनीहरु मलेसियामा सुरक्षागार्डको रुपमा काम गर्नेहरु भएको सुनिश्चित गरिएको प्रहरीले बताएको छ । मृतकहरुको उमेर ३५ वर्ष र ४६ वर्ष रहेको पनि अनुसन्धानका क्रममा खुलेको प्रहरीले बताएको छ ।

मृतकहरुको शव एकअर्काबाट टाढै र फरक-फरक

– बाँकी पृष्ठ २ मा

## कम्बोडिया पठाइदिन्छु भन्दै ठगी गरेको अभियोगमा एक जना पक्राउ

**काठमाडौं/मस–** आकर्षक तलब तथा सुविधासहितको वैदेशिक रोजगारका लागि कम्बोडिया पठाइदिन्छु भन्दै ठगी गरेको आरोपमा प्रहरीले एक जनालाई पक्राउ गरेको छ । उपत्यका अपराध अनुसन्धान कार्यालयले खोटाङको दिक्तेल रुपाकोट मझुवागढीका २७ वर्षीय रामकृष्ण आचार्यलाई वैदेशिक रोजगार ठगीको अभियोगमा पक्राउ गरिएको बताएको छ ।

सामाजिक सञ्जालको माध्यामबाट रोजगार आकांक्षी युवाहरुसँग सम्पर्क गरी विभिन्न प्रलोभन देखाई आफू कम्बोडियामा होटेलको सेक्युरिटी गार्डमा काम गरिरहेको र अन्य व्यक्तिहरुलाई पनि रोजगारीमा लगाइदिने भन्दै २३ लाख ९७ हजार रूपैयाँ ठगी गरेको अभियोगमा आचार्य विरुद्ध उजुरी परेको प्रहरीले बताएको छ । आचार्यले शुरुमा भिसा प्रोसेसिङका लागि २३ लाख ९७ हजार रुपैयाँ लाग्ने भन्दै उक्त रकम बैंकमा जम्मा गर्न लगाएर ठगी गरेको प्रहरीको दाबी छ ।


## ROMANIA मा वैदेशिक रोजगारको अवसर

कम्पनी: TSD INDICA7 SRL — शहर : BUCHAREST

पूर्व स्वीकृत मिति: २०७९/०८/१६ — चलानी नं.: ६०१९२६८३ — LT. No.: 277059

| सि. नं. | कामदारको पद | माग संख्या: पुरुष | माग संख्या: महिला | न्यूनतम योग्यता | मासिक तलब: USD | मासिक तलब: ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner | 10 | 10 | सम्बन्धित काममा दक्ष | 550 | ७१,१२६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Construction Worker | 25 | 0 | | 600 | ७७,५९२ | | | | | | | |
| 3. | Cook | 5 | 0 | | 650 | ८४,०५८ | | | | | | | |
| 4. | Cook Helper | 15 | 0 | | 550 | ७१,१२६ | | | | | | | |
| 5. | General Worker | 40 | 10 | | 550 | ७१,१२६ | | | | | | | |
| 6. | Waiter | 5 | 0 | | 550 | ७१,१२६ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ मंसिर २६ गते (12 December 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**Global Welfare Hr Solution Pvt. Ltd.**
Govt. Lic. No. 1320/074/075
P.O.Box No.:1166, Samakhusi-26, Kathmandu, Tel: 4388357, 4389246
9803569272, 9803569268, 9803569273,9851339623, 9851339624,
E-mail: document.globalhr@gmail.com, Web.: www.globalwelfarehr.com

# ४३ हजार मेट्रिक टन मल मौज्दात

**काठमाडौं/मस–** हिउँदेबालीका लागि करिब ४३ हजार मेट्रिक टन रासायनिक मल मौज्दात रहेको र केही परिमाण मल नेपाल भित्रने क्रममा रहेको कृषि तथा पशुपन्छी विकास मन्त्रालयले जनाएको छ। मन्त्रालयका प्रवक्ता प्रकाशकुमार सञ्जेलले हाल २१ हजार सात सय ६४ मेट्रिक टन युरिया, १९ हजार दुई सय ८६ मेट्रिक टन डीएपी र एक हजार नौ सय ३२ मेट्रिक टन पोटास गरी कुल ४२ हजार नौ सय ८३ मेट्रिक टन रासायनिक मल मौज्दात रहेको जानकारी दिए।




मौज्दात रहेको यो परिमाणको रासायनिक मलमध्ये कृषि सामग्री कम्पनी लिमिटेडसँग ३५ हजार चार सय ४९ मेट्रिक टन मौज्दात छ। जसमा १५ हजार एक सय ७९ मेट्रिक टन युरिया, १८ हजार चार सय ३२ मेट्रिक टन डिएपी र एक हजार आठ सय ३७ मेट्रिक टन पोटास छ। त्यस्तै, साल्ट ट्रेडिङ्ग कर्पोरेसनसँग ६ हजार पाँच सय ६४ मेट्रिक टन युरिया, आठ सय ५४ मेट्रिक टन डिएपी र ९५ मेट्रिक टन पोटास गरी कुल सात हजार पाँच सय ३४ मेट्रिक टन रासायनिक मल मौज्दात छ।

चालु आर्थिक वर्ष २०७९/८० का लागि मल खरिद गर्न सरकारले रु १६ अर्ब विनियोजन गरेको छ। चालु आर्थिक वर्षमा कृषि सामग्री कम्पनी लिमिटेड र साल्ट ट्रेडिङ्ग कर्पोरेसन लिमिटेडमार्फत् दुई लाख ५७ हजार मेट्रिक टन रासायनिक मल खरिदका लागि टेण्डर आह्वान भएको थियो। जसमा एक लाख १० हजार मेट्रिक टन मल आयात भई ८६ हजार पाँच सय मेट्रिक टन बिक्रीसमेत भइसकेको मन्त्रालयले जनाएको छ। अहिलेसम्म कृषि सामग्री कम्पनी लिमिटेड ५७ हजार दुई सय १२ मेट्रिक टन र साल्ट ट्रेडिङ्ग कर्पोरेसनले २९ हजार ३३ मेट्रिक टन रासायनिक मल बिक्री गरिसकेका छन्।

साथै, २० हजार मेट्रिक टन युरिया पुसको पहिलो हप्ता नेपाल आइपुग्ने पनि कृषि मन्त्रालयले जनाएको छ। टेन्डर भएको बाँकी मल माघ तथा फागुन महिनामा नेपाल आइपुग्ने जानकारी कृषि सामग्री कम्पनी लिमिटेड र साल्ट ट्रेडिङ्ग कर्पोरेसनले मन्त्रालयलाई दिएका छन्। कृषि सामग्री कम्पनी लिमिटेडको २० हजार मेट्रिक टन रासायनिक मलमध्ये पाँच हजार मेट्रिक टन भैरहवा र वीरगञ्ज नाकामा आइसकेको तथा १० हजार मेट्रिक टन मल विशाखापटनमबाट नेपालका लागि निकासी भैसकेको पनि मन्त्रालयको भनाइ छ।

# सिरहामा अपाङ्ग दिवस भव्यताका साथ मनाइयो

**राजेन्द्र महतो/मध्यान्ह**
सिरहा, १८ मंसिर

सिरहामा ३१ औं अपाङ्ग दिवस भव्यताका साथ मनाइएको छ। जिल्लाको कल्याणपुर नगरपालिका र गोलबजार नगरपालिकाको आयोजना तथा दलित विकास मञ्च सिरहाको सहकार्यमा 'समावेशी विकासको लागि रूपान्तरित समाधान पहुँचयुक्त र समतामूलक विश्वका लागि उर्जावान सिर्जनशीलताको प्रावधान' भन्ने मूल नाराकासाथ अन्तर ाष्ट्रिय अपाङ्ग दिवस मनाइएको हो। सिरहाको कल्याणपुर नगरपालिकाको मेयर रामपुकार साहले अपांगता भएका व्यक्तिहरूको लागि आगामी नगरअधिवेशनबाट विभिन्न कार्यक्रमका लागि बजेट विनियोजन गरिने बताए।




यस्तै, कार्यक्रममा गोलबजार नगरपालिकाका मेयर श्याम श्रेष्ठले अपाङ्गता भएका व्यक्तिका हरेक सेवा सुविधाको लागि नगरपालिका तयार रहेको बताए। अपाङ्गता भएको व्यक्तिका समस्या समाधान गरिने उनले सेवा सुविधामा पहुँच बढाउने बताए।

कार्यक्रममा गोलबजार नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत अन्नत प्रसाद पौडेलले शुभकामना व्यक्त गरेका थिए।

दलित विकास मञ्च सिरहाले सबैका लागि समावेशी परियोजना गोलबजार नगरपालिका र कल्याणपुर नगरपालिका को २५ वटा वडामा कार्यक्रम संचालन गरिएको संस्थाको अध्यक्ष रूणा महराल बताइन्।

संस्थाका कार्यक्रम संयोजक जितेन्द्र राईले दुबै नगरपालिकाको अपाङ्गता भएको व्यक्तिहरूको संगठित गरी जनचेतना अभिवृद्धिका लागि आफ्नो हक अधिकारको बारेमा आवाज बुलन्द गर्न क्षमताको विकास गर्नु कार्यक्रमको उद्देश्य रहेको बताए।

# सम्पदास्थलमा साझा यातायात सञ्चालन हुने

**काठमाडौं/मस–** सरकारले काठमाडौं उपत्यकामा घुम्न आउने पर्यटकलाई दृष्टिगत गर्दै विभिन्न सम्पदास्थलमा साझा यातायातका पाँच बस सञ्चालन गर्ने भएको छ। पर्यटन पुनरुत्थान कार्ययोजना अन्तर्गत 'होप अन होप अफ' नगर बस आगामी जनवरी १ देखि सञ्चालन हुनेछ। अङ्ग्रेजी क्यालेण्डरअनुसारको नयाँ वर्षदेखि पाटन दरबार क्षेत्र, स्वयम्भू, बौद्ध, पशुपति क्षेत्रमा सञ्चालन गरिने तथा केही सातापछि भक्तपुरका सम्पदा स्थलमा उक्त यातायात सञ्चालन गरिनेछ।




पर्यटकले एकपटक टिकट लिएपछि आफ्नो अनुकूलअनुसार सम्पदास्थल घुम्न पाउने र अन्य स्थलमा भ्रमण गर्न थप शुल्क तिर्न नपर्ने व्यवस्था गरिएको छ। पर्यटकको समयको बचत तथा सुविधा उपलब्ध गराउन करिब २८ किलोमिटरको दूरीमा यातायात शुरु गर्न लागिएको हो। संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री जीवनराम श्रेष्ठले उक्त यातायात सञ्चालनका लागि सरोकार पक्षसँग आज छलफल गर्दै पर्यटकलाई विश्व सम्पदा क्षेत्रमा सूचीकृत सम्पदा क्षेत्र तथा अन्य महत्त्वपूर्ण सम्पदास्थलको भ्रमणमा सहयोग पुर्याउने उद्देश्यले कार्यक्रम गर्न लागिएको बताए। यसअघि विश्वसम्पदा क्षेत्र वसन्तपुरदेखि स्वयम्भूसम्म पर्यटकलाई आकर्षित गर्न करिब दुई किलोमिटरको दूरीमा सम्पदा मार्गको अवधारणा शुरु गरी आवश्यक पूर्वाधार विकास गर्न थालिएको छ।

# हत्या आरोपमा सशस्त्र प्रहरी जवान पक्राउ

**बैतडी/मस–** बैतडीको पञ्चेश्वर गाउँपालिका-४ की २१ वर्षीया माया लुहारको हत्यामा संलग्न भएको आरोप लागेका सशस्त्र प्रहरी जवान भरतराम कोली कञ्चनपुरको महेन्द्रनगरबाट पक्राउ परेका छन्। कोली आइतबार महेन्द्रनगरस्थित बसपार्क क्षेत्रबाट पक्राउ परेका हुन्। प्रहरी निरीक्षक भरत गिरीका अनुसार जिल्ला प्रहरी कार्यालय कञ्चनपुरको टोलीले हत्यामा संलग्न रहेको आरोप लागेका बैतडीको शिवनाथ गाउँपालिका-४ घर भएका सशस्त्र प्रहरी जवान कोलीलाई पक्राउ गरेको हो। बिदामा घर आएका बेला मायाको हत्या गरेको कोलीमाथि आरोप छ। मायाका परिवारजनले कोलीविरुद्ध प्रहरीमा किटानी जाहेरी दिएपछि उनको खोजी भइरहेको थियो।



यही मंसिर १३ गते मायाको बैतडीमा घाँटी रेटेर हत्या गरिएको थियो। मायाको साथमा रहेकी नेहा लुहारको समेत घाँटी रेटेर हत्याको प्रयास गरिएको थियो। घाइते अवस्थामा भेटिएकी नेहाको हाल उपचार भइरहेको छ। बैतडीको शिवनाथ गाउँपालिका-६ स्थित शिवनाथ मन्दिर नजिकै मायाको शव फेला परेको थियो भने नेहा घाइते अवस्थामा भेटिएकी थिइन्।

कास्कीको पोखरास्थित हुल तथा दङ्गा व्यवस्थापन तालिम शिक्षालयमा कार्यरत कोली बिदामा घर आएका बेला उक्त घटना घटेको हो। घटना लगत्तै कोली गाउँबाट फरार रहेपछि हत्यामा उनको संलग्नता रहेको आशंका गरिएको थियो। प्रहरी श्रोतका अनुसार प्रारम्भिक बयानमा कोलीले मायाको हत्या गरेको स्विकार गरेका छन्। जिल्ला प्रहरी कार्यालय बैतडीमा मुद्दा चलिरहेकाले कोलीलाई आजै बैतडी पठाउने तयारी गरिएको कञ्चनपुर प्रहरीले जनाएको छ।

## सबथोक...

सहभागिताका सन्दर्भमा देशैभरि एउटै नीति लिने पनि उनको भनाइ छ। गत ४ मंसिरको चुनावमा यादव सप्तरी २ बाट जनमत पार्टीका अध्यक्ष डा. सीके राउतसँग पराजित भएका थिए। आफू पराजित भए पनि उनी नेतृत्वको पार्टीले ७ सिट प्रत्यक्षतर्फ जितेको छ। समानुपातिक तर्फबाट जसपाले ५ सिट जित्न सक्ने आँकलन छ। १२ सिट लिएर सरकारमा जान सकिने र यसका लागि अवसर पर्खिंदै यादवले एमालेसँगको सहकार्य तोडिएको घोषणा गरेका हुन्।

उसो त, स्वार्थ स्वार्थकै लागि माओवादी केन्द्रले सरकार गठनका लागि सबै बाटो खुला गरेको सन्देश प्रवाह गरेको छ। तर, यो सन्देश प्रवाह गर्दा माओवादी केन्द्रका नेताहरु विभाजित भएका छन्।

माओवादी उपाध्यक्ष कृष्णबहादुर महरा सरकार गठनका लागि सबै विकल्प खुला गरेको बताउँछन्। उनी भन्छन्, 'बनाएको गठबन्धन छोड्ने निर्णय गरिएको छैन। तर, अन्य विकल्प पनि खुल्ला राख्ने निर्णय भएको छ।'

माओवादीले पहिलो चरणमै आफूले सरकारको नेतृत्व गर्न पाउनुपर्ने दाबी गर्दै आएको छ। कतिपयले नेपाली कांग्रेस यसका लागि तयार नभए एमालेसँग पनि माओवादी मिल्नसक्ने आशंका गरेका छन्। यही बेला महराको यस्तो भनाइ आएको हो।

तर, उपाध्यक्ष महराको भनाइ महासचिव देव गुरुङले काटेका छन्। 'उनी भन्छन्, 'सरकार गठन, विकल्पका बारेमा केही कुरा भएकै छैन।' अर्थात, कतिपयले माओवादीले बार्गेनिङका लागि यस्तो दुई थरी कुरा गरेको आरोप लगाएका छन्।

सरकार गठनको गृहकार्य र सत्ता गठबन्धनमा रहेका दलहरुका बीचमा दरारको आशंका कतिपयले गरिरहेका बेला सत्ता गठबन्धनको बैठक सोमबार बस्दैछ। सोमबार दिउँसो ३ बजे बोलाइएको बैठकमा चुनावको समीक्षाका साथसाथै सरकार गठन र पावर सेयरिङका विषयमा छलफल गर्ने मुख्य एजेण्डा छ।

सत्ता गठबन्धनमा आवद्ध दलहरुले देशभर चुनावी तालेमल गरेका थिए। कांग्रेसले ५७ सिट जितेको छ भने माओवादी केन्द्रले १७, एकीकृत समाजवादीले १०, लोकतान्त्रिक समाजवादी पार्टीले ४ र राष्ट्रिय जनमोर्चाले एक सिट जितेको छ। चुनावमा भोट ट्रान्सफर नभएको भन्दै माओवादी केन्द्र र नेकपा एकीकृत समाजवादीमा असन्तुष्टि देखिएका बेला चुनावपछि गठबन्धनको पहिलो बैठक बस्न लागेको हो।

चुनावी परिणामले कांग्रेसलाई सरकार बनाउने बाटो खुला गरिदिएको छ। तर, दोस्रो भएको नेकपा एमालेले पनि सरकार बनाउने प्रयास गरेको छ। यसका लागि माओवादी केन्द्र सहितका दलहरुलाई आफ्नो पक्षमा पार्ने प्रयास गरेको छ। यही बेला माओवादीले पनि सरकार गठनका लागि सबै बाटो खुला गरेको सन्देश दिएको हो।

बरु, यस पटकको चुनावबाट चौथो भएको राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा), सिके राउत नेतृत्वको जनमत पार्टी, नागरिक उन्मुक्ति पार्टीहरुलाई मतदाताले अगाडि बढाउन चाहेको देखिन्छ। उनीहरुलाई लिएर पहिलो वा दोस्रो दलले सरकार बनाउन सक्छ। राष्ट्रिय प्रजातन्त्र पार्टी पनि बलियो रुपमा अगाडि आएको छ। चुनावबाट उदाएका र जनताले अगाडि बढाउन चाहेका दलहरुलाई साथमा लिएर पहिलो वा दोस्रो ठूलो दलले सरकार बनाउनुलाई प्राकृतिक रुपमा लिन सकिन्छ।

## लुम्बिनी...

हेरेका हुन्। नयाँ सभाले राजधानी फेर्ने प्रयास गर्न सक्ने कतिपयको आश छ।

प्रदेश राजधानी तय गर्ने सम्बन्धी व्यवस्था संविधानको धारा २२८ मा छ। जहाँ भनिएको छ– 'यस संविधान बमोजिमका प्रदेशको राजधानी सम्बन्धित प्रदेश सभामा तत्काल कायम रहेका सदस्य संख्याको दुई तिहाइ बहुमतबाट निर्णय भए बमोजिम हुनेछ।' निर्णय नभएसम्मका नेपाल सरकारले तोके बमोजिमको स्थानबाट प्रदेशको कार्य सञ्चालन हुने भनिएको छ।

राजधानीबारे प्रदेश सभाले निर्णय नगर्दासम्म लुम्बिनी प्रदेशको अस्थायी राजधानी बुटवलमा रहने गरी तत्कालीन सरकारले तोकेको थियो। दाङको देउखुरीमा स्थायी राजधानी बनाउने निर्णय भए पनि भौतिक संरचना निर्माणाधीन रहेकाले अहिले पनि बुटवलबाटै प्रदेशको कार्य सञ्चालन हुँदै आएको छ। यसकारण विगतको चुनावमा जस्तै फर्काउने र कायम राख्ने उम्मेदवारहरूका प्रतिबद्धता प्रकट भएका हुन्।

यो विशुद्ध प्रदेश सभा सदस्यहरूको क्षेत्राधिकारभित्रको विषय हो। प्रदेशको स्थायी राजधानी तोकिएपछि फेरि फेर्न कुन बाटो अपनाउने भन्ने विषयमा संविधान मौन छ। यससम्बन्धी अन्य कानुनी व्यवस्था पनि छैन। तथापि, संविधानविद् भीमार्जुन आचार्यका अनुसार प्रदेशको राजधानी तोक्ने अधिकार प्रदेश सभाकै भएकाले दुई तिहाइ बहुमतले स्थायी राजधानीको निर्णय उल्ट्याउन सक्छ।

## मलेसियामा...

स्थानमा पाइएको भन्दै प्रहरीले फरेन्सिक जाँचपछि हत्याको उद्देश्य र अन्य विषय पत्ता लाग्ने बताएको छ। मलेसियाको प्रहरीले आक्रमणमा हथौडा प्रयोग भएको र उक्त हथौडा बरामद गरेको बताएको छ।

मारोफका अनुसार जीवित फेला परेका नेपालीलाई नियन्त्रणमा राखिएको छ। घटनाको मलेसियाको दण्डसंहिताको धारा ३०२ अन्तर्गत अनुसन्धान भइरहेको छ। रेष्टुरेन्ट नजिकै रहेको सिसिटिभी भिडियो फुटेजबाट घटनाको कारण र पक्राउ परेका नेपालीको संलग्नता रहे/नरहेको बारेमा प्रहरीले अनुसन्धान गरिरहेको समाचारमा उल्लेख छ।

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको
**कम्पनीको दर्ता खारेज गरिएको सूचना**
यस कार्यालयमा मिति २०७४/११/१३ मा दर्ता भएको **प्रा.लि. नं. १८४५५५** को **गौतम इन्जिनियरीङ्ग सोलुसन प्रा.लि.** नामक कम्पनी यस कार्यालयको मिति २०७९/०८/१८ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६ बमोजिम दर्ता खारेज गरिएको सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको
**कम्पनीको दर्ता खारेज गरिएको सूचना**
यस कार्यालयमा मिति २०७२/११/११ मा दर्ता भएको **प्रा.लि. नं. १३९२५९** को **सिम्बायोसिस् एसोसियट्स प्रा.लि.** नामक कम्पनी यस कार्यालयको मिति २०७९/०५/१८ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६ (१) बमोजिम दर्ता खारेज गरिएको सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**कर्मचारी आवश्यकता**
A reputed Manpower Agency wanted staff
पद : लेखापाल (ACCOUNTANT)
योग्यता : स्नातक तह उत्तीर्ण (B.B.S or B.B.A.) With Management Faculty at list 2 year work experience in related field in Manpower Agency knowledge as known Accounting package tally, execell & typing nepali & English, Manual Accounting Accounting, Book Keeping knowledge
तलब : आपशी समजदारीमा
If you are interested please kindly send
Email : paradeshiservices@gmail.com
Pardeshi Overseas Services Pvt. Ltd. 01-4462293, 01-6914702, 9841216309, 9840530195 www.paradeshioverseas.com

**हकदावी सम्बन्धी ३५ दिने सूचना**
कम्पनी ऐन २०६३ बमोजिम मिति २०६८/०४/२६ मा दर्ता भएको **प्रा.लि. नं. ८५५१२** को **रिफ्लेक्सन क्लारियन मिडिया प्रा.लि.** को मिति २०७९/०८/१८ मा सम्पन्न विशेष साधारणसभाको निर्णय बमोजिम कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदाबी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरीएको छ।
**लिक्विडेटरः शेर बहादुर रोकाया, इजाजतपत्र नं. २८७,**
**ठेगाना : बबरमहल, काठमाडौं, फोन नं. ९८४१३४०४०३**
ईमेल : rokayasherbahadur723@gmail.com

**कर्मचारी हटाईएको सूचना**
नेपाल सरकारबाट वैदेशिक रोजगार व्यवसाय सञ्चालन गर्न इजाजत प्राप्त काठमाडौं स्थित यस **एडभान्स्ड म्यानेजमेन्ट कन्सल्टेन्स प्रा. लि. (श्रम इजाजत नं. १४७०/०७४/०७५)** मा कार्यरत **सुबाश कुवर (ना.प्र.नं.:४०-०१-७२-०३४७२)**लाई मिति २०७९/०८/१८ गते यस प्रा.लि.को **पि.आ.रो.** पदबाट हटाइएको सम्बन्धित सबैमा जानकारी गराईन्छ। साथै निजसँग यस प्रा.लि.को नाममा वैदेशिक रोजगार सम्बन्धी कुनै पनि काम नगर्न/नगराउन हुन भनि यसै सार्वजनिक सूचना जारी गरिएको छ। यदि गरे गराएमा यस कम्पनी जिम्मेवार हुने छैन।
ADVANCED MANAGEMENT CONSULTANTS "manpower supply & recruitment consultant" Govt. License No.: 1470/074/075
एडभान्स्ड म्यानेजमेन्ट कन्सल्टेन्स प्रा.लि.
Samakhushi-26, Kathmandu, Nepal ☎ 01-4964211, 4974211
info@amgroup.com.np www.amgroup.com.np

**मलेशियामा रोजगार** GROUP FORCE SDN. BHD., MALAYSIA
पुर्व स्विकृति मिति: 2079/08/18 चलानी नं. ६०१९२६८८ LT No. 277076

| सि. नं. | कामदारको पद | माग संख्या | मासिक तलब RM | मासिक तलब ने.रू | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guard | 21 | 1500 | 44436 | कं.नि. अनुसार | ८ घण्टा | ६ दिन | कं.नि. अनुसार | छैन | छ | २ वर्ष |

| स्वदेशमा गरिने प्रि मेडिकल खर्च कसले गर्ने र कति लाग्ने | रोजगार कम्पनीले मेडिकल खर्च दिने/नदिने | स्वदेशमा गरिने विमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा विमा हुने/नहुने र कसले व्यहोर्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टयाम्पिङ शुल्क कसले व्यहोर्ने | कल्याणकारी कोष सम्वन्धि व्यवस्था |
|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले | दिने | रोजगारदाता कम्पनीले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु. ७००/- रोजगारदाताले | रोजगारदाता कम्पनीले | रु.१५०० रोजगारदाताले |

**अन्तरवार्ता: २०७९ मंसिर २६ गते (12 December 2022) मेनपावर कार्यालयमा हुनेछ।**
वैदेशिक रोजगार विभागवाट गराइएको जानकारी: १. आफ्नो नाममा भिषा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनुहोला। बुझाएको रकमको भर्पाई अनिवार्य रुपमा लिनुहोला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्वरहरू साथमा राख्नुहोस्। आफु कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखिकरण तालिम वा इण्डक्सन तालिम अनिवार्य लिनुहोला। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तवारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला। सो को १ प्रति आफुसँग राख्नुहोला। ६. काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्वन्धमा थप केही बुझ्नुपरे वैदेशिक रोजगार विभाग काठमाडौंमा सम्पर्क गर्नुहोला। लागत खर्च: नि:शुल्क
INTERNATIONAL PLACEMENT SERVICES PVT. LTD.
Balaju-16, kathmandu, LIC.NO. 424/060/061,
Phone: 01-4958728, Contact No.: 9744233332, 9826135109

**श्री रामजानकी आधारभुत विद्यालय**
**मौलापुर–७, रौतहट**
**बोलपत्र स्वीकृतको आशयको सूचना**
**प्रकाशित मिति २०७९/०८/१९**
यस विद्यालयबाट मिति २०७९/०७/१५ गते प्रकाशित बोलपत्र आह्वानको सूचना अनुसार Hand Copy मार्फत प्राप्त बोलपत्रहरु मध्ये तपसिल बमोजिमका बोलपत्रहरु न्युनतम मुल्याङ्कित सारभुतरुपमा प्रभावग्राही भएको हुँदा सार्बजनिक खरिद ऐन, २०६३ को दफा २७ (२) बमोजिम बोलपत्र स्वीकृत गर्ने आशयको सुचनो प्रकाशित गरिएको छ।

| सुचना नं. | निर्माण कार्यको बिबरण | छनौट भएका बोलपत्र | कबोल अङ्क |
|---|---|---|---|
| Contract Identification No: 01/NCB/Works/ SRJAV/2079/080 | Construction of School Building of Shree Ram Janki Aadharbhut Vidhyalaya, Maulapur-7, Rautahat | श्री अनिल निमार्ण सेवा, मौलापुर-५, रौतहट | ५७,९०,०४९।०५ (मु.अ.कर बाहेक) |

प्रधानाध्यापक

# पहुँचयुक्तताबारे आयोगमा अपाङ्ग महासंघको छलफल

**मध्यान्ह संवाददाता**
काठमाडौं, १८ मंसिर

३१ औं अन्तर्राष्ट्रिय अपांग दिवसका अवसरमा पहुँचयुक्त संरचनाबारे राष्ट्रिय मानवअधिकार आयोग र राष्ट्रिय अपाङ्ग महासंघबीच आइतबार कार्यशाला गोष्ठी सम्पन्न भएको छ ।

गोष्ठीमा अपाङ्गतामैत्री संरचना निर्माणको पैरवीका लागि दुवै पक्षबीचमा सहकार्य गरेर अगाडि बढ्ने आयोग एवं महासंघका पदाधिकारीले प्रतिबद्वता जनाएका छन् । राष्ट्रिय मानवअधिकार आयोगको सभाकक्षमा आयोजित कार्यशालामा उनीहरुले उक्त प्रतिवद्वता जनाए । सो अवसरमा मानवअधिकारको रक्षक मानवअधिकार आयोग नै भौतिक एवं प्रविधिगत हिसाबले कति अपाङ्गतामैत्री छ ? भन्ने विषयमा तयार गरिएको पहुँचयुक्त लेखापरीक्षण प्रतिवेदन समेत सार्वजनिक गर्दै प्रतिवेदनमाथि छलफल भएको थियो ।



महासंघले तयार गरेको विज्ञ समूहद्वारा तयार गरिएको आयोगको केन्द्रीय कार्यालयदेखि प्रदेश तहका कार्यालहरुको भौतिक संरचना, वेवसाईट र आयोगमा प्राप्त गुनासो संयन्त्रबारेको पहुँचयुक्त लेखापरीक्षण प्रतिवेदनमाथि बुँदागत रुपमा छलफल भएको थियो ।

छलफल पश्चात प्रतिवेदनमा औँल्याइएका सुधारका पक्षलाई कसरी कार्यान्वयनमा लैजाने भन्ने योजनाको मस्यौदा समेत तयार भएको राष्ट्रिय अपाङ्ग महासंघ नेपालका परियोजना संयोजक बिमल बस्नेतले बताए । कार्यक्रममा आयोगका अध्यक्ष तप बहादुर मगरले आयोगको कार्यालय पहुँचयुक्त होस् भन्ने विषयमा संवेदनशिल हुँदाहुँदै पनि कहिकतै अपुग रहेकोतर्फ आयोग सचेत रहेको बताए । उनले मोटामोटी रुपमा पहुँचयुक्त रहेको र प्रतिवेदनमार्फत सतहमा आएका अन्य विषयलाई पनि नजरअन्दाज नगरी आगामी दिनमा आयोगको केन्द्रीय कार्यालयदेखि प्रदेशतहका कार्यालय र कार्यालयभित्र प्रयोगमा आउने प्रविधिलाई सुधार गरेर पूर्ण अपाङ्गतामैत्री बनाएर लैजाने प्रतिवद्वता व्यक्त गरे ।

अध्यक्ष मगरले तत्कालै सुधार नगरि नहुने विषयलाई प्राथमिकता निर्धारण गर्दै आयोग क्रमिक रुपमा अगाडि बढ्ने बताए । कार्यक्रममा आयोगकै सदस्य डा.सूर्य प्रसाद ढुंगेलले आयोगको भौतिक एवं प्रविधिगत संरचनामाथिको लेखापरीक्षण प्रतिवेदनलाई आफुले 'आई ओपनर'का रुपमा ग्रहण गरेको बताए । उनले धेरै विषय प्रतिवेदनले उजागर गरेको बताउँदै सके सबै संरचना अपाङ्गतामैत्री हुनुपर्ने त्यसमापनि राज्यद्वारा निर्मित पूर्वाधारहरु अनिवार्य रुपमै पहुँचयुक्त हुनुपर्ने उल्लेख गरे । राष्ट्रिय मानवअधिकार आयोग पहुँचयुक्तताको सवालमा राष्ट्रिय अपाङ्ग महासंघ नेपालदेखि अन्य सरोकारवाला निकायसँग सहकार्य गरेर अगाडि बढ्ने सवालमा सँधै उत्साहित रहने उनले बताए ।

राष्ट्रिय अपाङ्ग महासंघका नवनिर्वाचित अध्यक्ष देवीदत्त आर्चायले नागरिकको मौलिक अधिकारको रक्षकका रुपमा रहेको राष्ट्रिय मानव अधिकार आयोगले अपाङ्गता भएका नागरिकको हक अधिकार रक्षाका लागि खेलेको भूमिका प्रशंसनीय रहेको बताउँदै आगामी दिनमापनि महासंघ अपाङ्गता भएका नागरिकको हक अधिकार सुनिश्चित गर्ने गराउने सवालमा आयोगको रचनात्मक सहयोगको अपेक्षा गरको बताए । कार्यशालामा राष्ट्रिय अपाङ्ग महासंघ नेपालका प्रशासकिय व्यवस्थापक मनिष प्रसाईले पहुँचयुक्त संरचना र प्रविधिबारे आफ्नो धारणा राखेका थिए भने लेखा परीक्षण प्रतिवेदन महासंघका परियोजना संयोजक बिमल वस्नेत प्रस्तुत गरेका थिए । मानवअधिकार आयोगको वेवसाईट लगायत प्रविधिलाई कसरी पहुँचयुक्त बनाउने भन्ने विषयमा विज्ञ समूहका सदस्य खुमराज सुवेदीले सुझाव प्रस्तुत गरेका थिए ।

# नक्कली प्रमाणपत्र पेश गर्नेविरुद्ध मुद्दा दायर

**काठमाडौं/मस–** अख्तियार दुरुपयोग अनुसन्धान आयोगले शैक्षिक योग्यताको नक्कली प्रमाणपत्र पेस गरी सरकारी सेवामा कार्यरत दुईजनाविरुद्ध मुद्दा दायर गरेको छ । नक्कली प्रमाणपत्र पेश गरी जागीर खाएको भन्दै कैलालीको भजनी नगरपालिकास्थित राष्ट्रिय माविमा कार्यरत शिक्षकमाथि विशेष अदालत काठमाडौंमा मुद्दा दायर गरिएको अख्तियारले जनाएको छ । भजनी नगरपालिका-४ स्थित राष्ट्रिय उच्च माध्यमिक विद्यालय खैलाडमा कार्यरत शिक्षक मथुरा चौधरीमाथि नक्कली प्रमाणपत्र देखाएर जागिर खाएको आरोप लगाउँदै विशेष अदालतमा मुद्दा दायर गरिएको हो । आयोगका प्रवक्ता श्यामप्रसाद भण्डारीका अनुसार शिक्षक चौधरीको शैक्षिक योग्यताको प्रमाणपत्र छानविन गर्न माग गर्दै अख्तियारको कार्यालयमा उजुरी निवेदन परेको थियो ।

निवेदनका आधारमा अनुसन्धान हुँदा चौधरीले नक्कली शैक्षिक योग्यताको प्रमाणपत्र पेस गरेर राष्ट्रसेवकको लाभ लिएको पुष्टि भएपछि आइतबार मुद्दा दायर गरिएको अख्तियारले जनाएको छ ।

# गैंडाको अस्थिपञ्जर भेटियो



**चितवन/मस–** पूर्वी चितवनको कालिका नगरपालिकामा गैंडाको अस्थिपञ्जर फेला परेको छ । कालिका नगरपालिकावडा-१ मा रहेको चतुर्मखी सामुदायिक वनको साल वन क्षेत्रमा सडेगलेको अवस्थामा गैंडा फेला परेको हो ।

गैंडाको हड्डी छरिएको अवस्थामा भेटिएको डिभिजन वन कार्यालय चितवनका सूचना अधिकारी बालकृष्ण खनालले जानकारी दिए । उनका अनुसार करिब ६ महिनाअघि गैंडा मरेको अनुमान गरिएको छ । गैंडाको खाग र तीन खुर नभेटिएको उनले बताए । खाग काटिएको अनुमान गरिएको छ । गैंडाको खप्पर र बाँकी रहेको नौ खुरलाई सुरक्षित राखिएको उनले जानकारी दिए । डिभिजन वन कार्यालय र चितवन राष्ट्रिय निकुञ्जको टोली पुगेर गैंडाको शव परीक्षण गरेको उनले बताए । प्राकृतिक कारणले मरेको या चोरी शिकारीका कारण मारिएको भन्ने अध्ययनपछि जानकारी आउने उनले बताए ।


## माईग्रेसन सर्टिफिकेट हरायो ।

मिति २०७९/०७/२५ का दिन टोखादेखि ग्राण्डी हस्पिटल सम्म जाँदा मेरो निम्न व्योहोराको माईग्रेसनसर्टिफिकेट हराएको हुनाले फेला पार्नुहुने महानुभावले तलको ठेगना वा नजिकको प्रहरी चौकीमा खबर गरिदिनुहुन अनुरोध गर्दछु ।

Name : Ronik Pathal
Reg.No : 76270738E
Symbol No (XI):12701910
Symbol No (XII): 22701866
Contact : 981800331
Address : Tokha-08, Kathmandu.

## भूल सुधार

मिति २०७९/०८/१८ गते मध्यान्ह राष्ट्रिय दैनिकमा प्रकाशित मलेसियामा रोजगार शिर्षक, विज्ञापनमा कम्पनी: Southern Realty (Malaya) Sdn Bhd, पूर्व स्वीकृत मिति: २०७९/०८/१६, चलानी नं.: ६०१९२६३३, LT. No.: 276974 भएको विज्ञापनमा **इन्टरनेशनल ट्रेड लिङ्क नेपाल प्रा. लि.**(श्रम इजाजत नं. ७०६/०६४/०६५) हुनुपर्नेमा अन्यथा भएकोले भुल सुधार गरिएको छ ।

इन्टरनेशनल ट्रेड लिङ्क नेपाल प्रा. लि.
श्रम इजाजत नं. ७०६/०६४/०६५
बसुन्धरा चौकी, काठमाडौं, नेपाल, फोन: ४३९०६६९, ४३६३६९७
Email.: info@itlnepal.com, Web.: www.itlnepal.com


## Gadhimai Municipality
## Office of Municipal Executive
**Samanpur, Rautahat**
**Madhesh Pradesh**

### Notice for Opening of Financial Proposal

**Date of Publication: 2022-12-05**

This is to notify to qualified bidder for the opening of financial proposal as per schedule mention below:

| IFB No. | Description of Work | Financial Proposal Opening Date and Time | Qualified Bidder |
|---|---|---|---|
| RAU/GADHI/MUN/01/GON/WORKS/079/80 | Construction of Hermetic Godown for Grain storage (Silo) | 2079-08-23 12:00 hour 2022-12-9 | Bishal And Birat-Boudha Ajima J/V |

प्रदेश सरकार
**सडक पूर्वाधार तथा शहरी विकास मन्त्रालय**
**यातायात पूर्वाधार निर्देशनालय**
## पूर्वाधार विकास कार्यालय
**उदयपुर**
**प्रदेश नं १, नेपाल**

### आर्थिक प्रस्ताव खोल्ने बारेको सूचना

**सूचना प्रकाशन मिति २०७९/०८/१९ गते**

यस कार्यालयबाट तपसीलका सडक निर्माण कार्य सम्बन्धमा मिति २०७९/०७–१५ गते बोलपत्र आव्हान सम्बन्धी सूचना प्रकाशित भई विधुतीय बोलपत्र प्रणाली (eGP-II) मार्फत दर्ता हुन आएका बोलपत्रदाताहरुको प्राविधिक प्रस्ताव मिति २०७९/०८–१५ गते खोलिएकोमा, उक्त प्राविधिक प्रस्तावहरु सार्वजनिक खरिद ऐन २०६३ र सार्वजनिक खरिद नियमावली २०६४ (संशोधन समेत) बमोजिम मूल्याङकन हुँदा देहायका उल्लेखित बोलपत्रदाताको प्राविधिक प्रस्ताव सोही नियमावलीको ३१ ङ (४) अनुसार सारभूत रुपमा प्रभावग्राही भई सफल भएकोले मिति २०७९/०८–२६ गते अपरान्ह १.०० बजे यस कार्यालयमा आर्थिक प्रस्ताव खोलिने भएको हुँदा सोही नियमको उपनियम ५ बमोजिम सम्बन्धित बोलपत्रदाताहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । सम्बन्धित बोलपत्रदाताहरु उपस्थित नभएको कारणले आर्थिक प्रस्ताव खोल्न बाधा नपुग्ने व्यहोरा समेत यसै सूचनाद्धारा जानकारी गराइन्छ ।

| सि.न. | ठेक्का नं. | आयोजनाको नाम | सारभूत रुपमा प्रभावग्राही बोलपत्रदाताहरु |
|---|---|---|---|
| 1 | IDO/UDA/NCB/W/R/21/079-080 | Upgrading of Shiwalaytole-Inarchowk-Purbi Baruwa Tole -Narayan Karki Ghar-12 No.Wada karyalaya-Radhakrishna Timsina Ghar-Triyuga Nadi Road,Triyuga Municipality -11,12 Udayapur | Devi Raman Construction Company Pvt. Ltd.,Lalitpur |
| | | | K.M - BELTAR J/V,Kathmandu |
| 2 | IDO/UDA/NCB/W/R/22/079-080 | Upgrading of Gairun-Bargachhi-Bich Ratmate-Islampur-Aaryaghat Road,Triyuga Municipality-9,Udayapur | Devi Raman Construction Company Pvt. Ltd.,Lalitpur |
| | | | Pabitra Nirman Sewa,Gaighat,Udayapur |
| 3 | IDO/UDA/NCB/W/R/23/079-080 | Upgrading of Karam Gachhi-Nayabasti-Ghale Tole-Gaighat,Udayapur | Devi Raman Construction Company Pvt.Ltd,Lalitpur |
| | | | K.M.Engineer's Builders Pvt. Ltd.,Kathmandu |
| | | | Pabitra Nirman Sewa,Gaighat,Udayapur |
| | | | Krishna Laxmi Nirman Sewa,Kanpur,Kavre |
| | | | Govind-Baral J/V,Biratnagar,Morang |

कार्यालय प्रमुख


## मलेशियामा रोजगार
**ALLIED SECURITY SDN BHD, JALAN** पून:बिज्ञापन
पुर्व स्विकृति मिति: २०७९।२।१२ चलानी नं. ६०१७९७८७ LT No. 262791

| सि. नं. | कामदारको पद | माग संख्या | कामदारको न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब N. Rs. | ओभर टाईम सूबिधा | प्रतिदिन कामगर्ने घण्टा | हप्तामा कामगर्ने दिन | बार्षिक बिदा | खाना सूबिधा | बस्ने सूबिधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guard | 01 पुरुष | काममा दक्ष | 1500 | 44436 | कम्पनी नियम अनुसार | ८ घण्टा | ६ दिन | कम्पनी नियम अनुसार | छैन | छ | २ वर्ष |

| स्वदेशमा गरिने प्रि मेडिकल खर्च कसले गर्ने र कति लाग्ने | रोजगार कम्पनीले मेडिकल खर्च दिने/नदिने | स्वदेशमा गरिने विमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा विमा हुने/नहुने र कसले व्यहोर्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टयाम्पिङ शुल्क कसले व्यहोर्ने | कल्याणकारी कोष सम्वन्धि व्यवस्था |
|---|---|---|---|---|---|---|---|---|
| कामदार आफै | दिने | कामदार आफै | हुने/रोजगारदाता कम्पनीले | नि:शुल्क | रोजगारदाता कम्पनीले | रु. ७००/- कामदार आफैंले | कामदार आफैंले | रु.१५०० कामदार आफैंले |

अन्तरवार्ता: मेनपावर कार्यालय, काठमाडौंमा: २०७९ मंसिर २६ गते (12 December 2022) हुनेछ।

वैदेशिक रोजगार विभागवाट गराइएको जानकारी: १. आफ्नो नाममा भिषा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनुहोला । बुझाएको रकमको भर्पाई अनिवार्य रूपमा लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्वरहरू साथमा राख्नुहोस् । आफु कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखिकरण तालिम वा इण्डक्सन तालिम अनिवार्य लिनुहोला । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तवारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला । सो को १ प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्वन्धमा थप केही वुझ्नुपरे वैदेशिक रोजगार विभाग काठमाडौमा सम्पर्क गर्नुहोला । लागत खर्च: 0 श्रम इजाजत पत्र नं. ४५४/०६०/०६१

**सिद्धार्थ गौतम ओभरसिज सर्भिसेज प्रा. लि.**
महाराजगञ्ज, आकृति मार्ग, काठमाडौं, फोन नं.: ४०१६२४९, ४०१६२५०

## MALAYSIA मा रोजगार
१. कम्पनी: KAMPONG KOH SAUCE (M) SB
शहर: MALAYSIA
पूर्व स्वीकृत मिति: २०७९/०८/१८ चलानी नं.: ६०१९२७०१ LT. No.: 277048

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | factory worker | 5 | 0 | स. काममा दक्ष | 1500 | ४२,७०५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालयमा २०७९ मंसिर २६ गते (12 December 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

श्रम इजाजत नं. ९६८/०६७/०६८
**Radium International Employment Services Pvt. Ltd.**
Janasahayogi Marg, New Baneshwor-31, Kathmandu, Nepal
Tel: +977 1 4589492/ 1 4585172 | Fax: +977 1 4485172
Email: info@radiumemployment.com, Web.: www.radiumemployment.com

## साउदीमा रोजगार
कम्पनी: WAFA AL-JUBAIL GOLDEN CAR MAINTENANCE WORKSHOP
शहर: Saudi
पूर्व स्वीकृत मिति: २०२२/०६/२१ चलानी नं.: ६०१८१४३५ LT. No.: 265390 पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Bus Driver | 1 | 0 | स. काममा दक्ष | 1800 | ६२,१७२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी: ELECTRICAL SOLUTION CONTRACTING CO.
शहर: Saudi
पूर्व स्वीकृत मिति: २०२२/०७/२७ चलानी नं.: ६०१८३९१९ LT. No.: 267758 पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Electrical Engineer | 2 | 0 | सम्बन्धित काममा दक्ष | 5500 | १८९,९७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Electrical Cable Connecter | 4 | 0 | | 2500 | ८६,३५० | | | | | | | |
| 3. | Heavy Equipment Driver | 2 | 0 | | 1800 | ६२,१७२ | | | | | | | |
| 4. | Construction Worker | 2 | 0 | | 1200 | ४१,४४८ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ मंसिर २६ गते (12 December 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**रियल रिसोर्स म्यानेजमेन्ट प्रा. लि.** श्रम ईजाजत न.: ६२८/०६३/६४
सुकेधारा हाईट, काठमाडौं, नेपाल, फोन : ४४३३१८१, ४४३५०२२ फ्याक्स : ४४३५११५

## कुवेतमा वैदेशिक रोजगारको अवसर

१. कम्पनी : JARALLAH GARMAN SPECIALIZED CENTER शहर : KUWAIT
पूर्व स्वीकृत मिति: २०७९/०८/०९ चलानी नं.: ६०१९२११७ LT. No.: 276471 पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner (Indoor) | 0 | 50 | स. काममा दक्ष | 125 | ५२,९३६ | क.नि अनुसार | ८ घण्टा | ६ दिन | क.नि अनुसार | छ | | २ वर्ष |
| 2. | Clinic Helper (Indoor) | 0 | 36 | | 200 | ८४,६९८ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ मंसिर २६ गते (12 December 2022) मा हुनेछ ।

२. कम्पनी : GLAMOR SPA & GYM शहर : KUWAIT
पूर्व स्वीकृत मिति: २०७९/०७/१७ चलानी नं.: ६०१९०४८४ LT. No.: 274805 पुन :विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Coffee Makker / Barista | 0 | 1 | सम्बन्धित काममा दक्ष | 130 | ५५,०५३ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Female Cleaner | 0 | 5 | | 85 | ३५,९९६ | | | | | | | |
| 3. | Hair Dresser | 0 | 5 | | 140 | ५९,२८८ | | | | | | | |
| 4. | Massage Lady | 0 | 4 | | 140 | ५९,२८८ | | | | | | | |
| 5. | Medicur & Pedicur | 0 | 3 | | 130 | ५५,०५३ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ मंसिर २४ गते (10 December 2022) मा हुनेछ ।

३. कम्पनी : HAYAT COMMUNICATION COMPANY शहर : KUWAIT
पूर्व स्वीकृत मिति: २०७९/०८/०६ चलानी नं.: ६०१९१६७० LT. No.: 275950 पुन :विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | LIGHT DRIVERS | 50 | 0 | स. काममा दक्ष | 135 | ५७,१७१ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

नोट: प्री इन्टरभ्यु धमाधम भइ रहेको छ। प्री इन्टरभ्युमा सहभागी हुनेलाइ मात्र फाइनल इन्टरभ्युमा सामेल गरिने छ।

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ मंसिर २५ गते (11 December 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**MANAKAMANA FOREIGN EMPLOYMENT CO. P. LTD.**
Licence No. 753/064/065
Nagarjun-4, Sitapaila, Kathmandu | Tel: 01-4034677, 9810166668 (Whatsapp)
Email: manakamanamfec1@gmail.com

मध्यान्ह
www.madhyanhadaily.com

१९ मंसिर २०७९, सोमबार
5 December 2022, Monday

## सम्पादकीय

# छबि सुधार्ने अवसर

आमनिर्वाचन–२०७९ को नतिजा सार्वजनिक हुने क्रम अन्तिम चरणमा पुगेको छ । विवादका कारणले रोकिएका निर्वाचन क्षेत्रहरूको समेत गणना सकिन लागेकाले अब सबैको ध्यान समानुपातिकतर्फ जानेछ । समानुपातिक तर्फ प्रतिनिधिसभामा ११० सिटको छिनोफानो हुनेछ । उक्त सिट संख्या कुल सदर मतको तीन प्रतिशत मत कटाउने दलहरूबीच बाँडफाँड हुनेछ । यसपटक सात दलले राष्ट्रिय मान्यता पाउने निश्चित भएकाले उनीहरूबीच मतका आधारमा समानुपातिक तर्फको सिट बाँडिदैछ । समानुपातिक सिट पाउने दलहरूले प्रत्यक्षतर्फ एक सिट भन्दा बढी जितेकाले सातै दल राष्ट्रिय दल बन्दैछन् । यसपटक राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) ले फेरि राष्ट्रिय दलको मान्यता पाउँदैछ । राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) र जनमत पार्टी पहिलोपटक चुनावमा भाग लिदै राष्ट्रिय दल बन्दैछन् ।

चुनावको प्रमुख चासोको विषय नै यी तीन दलले राष्ट्रिय दलको हैसियत पाउनु हो । रवि लामिछाने नेतृत्वको रास्वपा र सिके राउत नेतृत्वको जनमत पार्टीले गठन भएको छोटो अवधिमै राष्ट्रिय दलको मान्यता पाएको छ । तर पुराना र ठूला दलले यसपटक क्षति बेहोर्नु परेको छ । नेपाली कांग्रेस, नेकपा एमाले, नेकपा माओवादी केन्द्र र जनता समाजवादी पार्टी (जसपा) ले पाएको समानुपातिक तर्फको मत अघिल्लो चुनाव भन्दा थोरै हो । लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) ले यसपटक राष्ट्रिय दलको मान्यता नपाउने निश्चित छ । अर्को दल नेकपा एकीकृत समाजवादीले पनि तीन प्रतिशतको थ्रेसहोल्ड कटाउने संभावना न्यून छ । यी दुवै दलको नेतृत्व राष्ट्रिय राजनीतिमै महत्वपूर्ण अर्थ र भूमिका भएका नेता छन् । तर यसपटक दलको मान्यता पाउने अवस्था रहेन ।

प्रत्यक्षतर्फ समेत नयाँ र स्वतन्त्र उम्मद्वारहरूको आकर्षण देखिनुले पुराना शक्तिहरूप्रति मतदाता सन्तुष्ट नरहेकै प्रमाणित हुन्छ । कांग्रेसले अघिल्लो चुनाव भन्दा प्रत्यक्षतर्फ सिट संख्या बढाए पनि बाँकी दलहरूले कम जितेका छन् । शहरी र शिक्षित जनसंख्या भएको राजधानी उपत्यकामै पुराना दलहरूले ठूलै क्षति बेहोर्नु परेको छ । बहालवाला मन्त्रीलाई नै हराएर नयाँ अनुहार अनुमोदित हुनुको प्रष्ट सन्देश हो, पुराना दलहरूले सच्चिनुको विकल्प छैन । त्यो सच्चिने पहिलो अवसर समानुपातिक तर्फको सांसद चयन हुन सक्छ । किनकि ठूला दलहरूले प्रत्यक्षतर्फ समावेशी उम्मेद्वार चयन गरेका थिएनन् । त्यसलाई सच्याएर दलहरूले सुध्रिन तयार रहेको सन्देश दिन सक्छन् । किनकि यो संविधानले समावेशी लोकतन्त्रको कल्पना गरेको छ, तर दलहरूले बाध्यात्मक अवस्था नरहेसम्म पालना गर्न चाहिरहेको देखिदैन ।

# ‘संसद्मा बहुमत पुऱ्याउन जनमत पार्टी निर्णायक’

नेपाली जनताको लामो संघर्ष र बलिदानको उपलब्धिका रूपमा जनताका प्रतिनिधिद्वारा लेखिएको संविधान जारीपछि संसद्को दोस्रो कार्यकालका लागि भएको निर्वाचनको प्रारम्भिक नतिजा सार्वजनिक भएको छ । प्रतिनिधिसभा सदस्यको यही मंसिर ४ गते भएको आवधिक निर्वाचनबाट पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीबाट १२ र समानुपातिकतर्फ सात राजनीतिक दलको संघीय संसद्मा प्रतिनिधित्व हुने देखिएको छ । नतिजा सार्वजनिक भएसँगै नयाँ सरकार गठनका लागि अंकको जोड घटाउ तथा सघन वार्ता र संवाद सुरु भइसकेको छ । यसै सन्दर्भमा विगतमा मधेसका मुद्दा उठाएर भूमिगत राजनीति गर्दै आएका **चन्द्रकान्त ‘सीके’ राउत**को जनमत पार्टी पनि यसपटक राष्ट्रिय पार्टीको मान्यताका साथ सदनमा प्रवेश गर्दैछ । लाउड स्पिकर चुनाव चिह्नमार्फत प्रत्यक्षतर्फ एक सिट तथा समानुपातिकतर्फ तीन लाख ९४ हजार पाँच सय १६ मत ल्याई मधेसमा उदयमान वैकल्पिक राजनीतिक शक्तिका रूपमा देखिएको छ । मधेस आन्दोलनका अगुवाका रूपमा स्थापित जनता समाजवादी पार्टी नेपालका अध्यक्ष उपेन्द्र यादवलाई विस्थापित गर्दै जनमत पार्टीका अध्यक्ष राउत पहिलोपटक सदन प्रवेश गर्न लागेका हुन् । सप्तरी जिल्लाको महदेवा गाउँमा जन्मिएका राउत पेशाले इञ्जिनीयर छन् । निर्वाचनपछि नयाँ सरकार गठनका लागि दल र नेताबीच भइरहेको भेटवार्ता, संख्याको जोड घटाउलगायत समसामयिक विषयमा अध्यक्ष राउतसँग राष्ट्रिय समाचार समितिका उपप्रमुख समाचारदाता **नारायणप्रसाद न्यौपाने** र समाचारदाता **सिवी अधिकारी**ले लिएको अन्तर्वार्ताका सम्पादित अंश :



**चन्द्रकान्त राउत**, अध्यक्ष, जनमत पार्टी

**अहिलेको निर्वाचनलाई यहाँले कसरी लिनुभएको छ ?**

निर्वाचन आफैँमा लोकतान्त्रिक प्रक्रिया हो, त्यसमा भाग लिन र जनमत हासिल गर्न पाउँदा निकै खुसी लागेको छ। जनमत हासिल गर्ने यो औपचारिक माध्यम हो । यसबाट हाम्रा एजेण्डा जनताबाट अनुमोदित छन् कि छैन भन्ने परीक्षण भएको छ। जनताले हामीमाथि भरोसा राखेर खरोरूपमा उत्रेकामा खुसी लागेको छ ।

